# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

## प्रेस विज्ञप्ति

(आम सञ्चारका माध्ययममा तत्काल उपयोगका लागि)

२०७४ असोज १७ गते

## स्थानीय तहमा मानव अधिकारमैत्री कानुन निर्माण गर्न आयोगको आग्रह

सबै स्थानीय तहलाई नेपालको संविधानको धारा २२६ अनुरुपका कानुनहरू निर्माण गर्दा त्यस्ता कानुनहरू मानव अधिकारमैत्री बनाउन अनुरोध गर्दै यस आयोगले देशका सबै ७५३ स्थानीय तहमा पत्राचार गरेको छ । स्थानीय तहलाई संविधानको अनुसूची ८ र ९ मा समावेश गरिएका विषयहरू र धारा २१७ ले न्यायिक समिति मार्फत न्यायिक निरुपण गर्ने अधिकार प्रदान गरेको सन्दर्भमा उक्त पत्राचार गरेको हो ।

पत्रमा नेपालले मानव अधिकार सम्बन्धी विभिन्न ४१ वटा अन्तर्राष्ट्रिय कानुनहरूलाई पालना गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाइसकेको, ती महासन्धिहरु नेपालको संविधान र अन्य मानव अधिकार सम्बन्धी कानुनहरु सरह लागू भइरहेको र त्यस्ता कानुनहरुको कार्यान्वयन तथा मानव अधिकारको सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने दायित्व राज्यको रहने उल्लेख गर्दै कानुन बनाउने सम्बन्धी स्थानीय तहलाई प्राप्त अधिकारको प्रयोग गर्दा मानव अधिकारका विषयहरूलाई उच्च प्राथमिकता दिन अनुरोध गरेको छ ।

आयोगले, त्यस्ता कानुनहरू निर्माण गर्ने सन्दर्भमा आफ्ना केन्द्रीय र अन्य कार्यालयमार्फत सुझाव तथा परामर्श दिनसक्ने र स्थानीय तहबाट हुने त्यस्ता कार्यहरूको संवैधानिक दायित्व अनुरूप निरन्तर अनुगमन गर्नेछ ।

..................

(मोहना अन्सारी)

सदस्य/ प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल

Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission, Nepal
केन्द्रीय कार्यालय Central Office
कानुन महाशाखा, Legal Affairs Division
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal


च.न. LAD

मिति: २०७४/६/९

श्री

**विषयः अनुरोध गरिएको सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा नेपालको संविधान (२०७२) धारा २४९(२) को खण्ड (च) ले यस आयोगलाई मानव अधिकारसँग सम्बन्धित कानुन पुनरावलोकन र सूधार तथा संशोधनका विषयमा सिफारिस गर्ने कार्यादेश प्रदान गरेको छ । राष्ट्रिय मानव अधिकार आयोग ऐन,२०६८ को दफा ४(१) खण्ड (ग) ले मानव अधिकार सम्बन्धी प्रचलित कानुन कार्यान्वयन स्थितिको अनुगमन गरि सो को प्रभावकारी कार्यान्वयनको लागि सिफारिस गर्ने कर्तव्य पनि तोकिएको अवस्था रहेको छ ।

स्थानीय तहलाई स्थानीय सरकारको रुपमा स्थापित गरि संविधानको धारा २२६ मा अनुसूची ८ र ९ मा समावेश गरिएका विषयहरूमा कानुन निर्माण गर्ने र धारा २१७ ले न्यायिक समिति मार्फत न्यायिक निरोपण गर्ने अधिकार प्रदान गरेको छ ।

उल्लिखित सन्दर्भमा हालसम्म नेपालले मानव अधिकारसम्बन्धि विभिन्न ४१ वटा अन्तर्राष्ट्रिय कानुनहरु (महासन्धिहरू) लाई पालना गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धता जनाइ सकेको छ । ती महासन्धिहरु, नेपालको संविधान र अन्य मानव अधिकार सम्बन्धी कानुनहरु सरह लागू भइरहेका छन् । त्यस्ता कानुनहरुको कार्यान्वयन तथा मानव अधिकारको सन्दर्भमा सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने राज्यको दायित्व रहने हुँदा तहाँबाट संविधानको अनुसूची ८ र ९ बमोजिम मानव अधिकारसँग सम्बन्धित कानुनहरू निर्माण गर्दा मानव अधिकारका विषयहरूलाई उच्च प्राथमिकताका साथ समावेश गराउन आयोग हार्दिक अनुरोध गर्दछ । साथै त्यस्ता कानुनहरू निर्माण गर्ने सन्दर्भमा आवश्यकता अनुसार तहाँ कार्यालयलाई पायक पर्ने आयोगको केन्द्रीय कार्यालय, ललितपुर; क्षेत्रीय कार्यालयहरू, विराटनगर, जनकपुर, नेपालगञ्ज, धनगढी, पोखरा तथा उपक्षेत्रीय कार्यालयहरू जुम्ला, वुटवल र खोटाङबाट आवश्यक सुझाव तथा परामर्श लिन सकिने व्यहोरा समेत निर्देशानुसार अनुरोध छ ।

....................
(श्यामबाबु काफ्ले)
नि.महाशाखा प्रमुख


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal, Email: nhrc@nhrcnepal.org
website www.nhrcnepal.org